आज मिति २०७५ चैत्र १४ गते बिहिबार बिहानको ७:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६९ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

२. क.अ. श्री गीता तामाङ

मिति २०७५/१२/१२ गते नगर प्रमुखज्यूबाट मिति २०७५/१२/१४ गते नगर कार्यपालिकाको ६९ औं कार्यपालिका बोर्ड बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| | | | |
|---|---|---|---|
| १ | सार्वजनिक जग्गा उपभोग र व्यवस्थापन सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिका वडा नं ३ र वडा नं ७ ले सार्वजनिक जग्गाको उपयोग र व्यवस्थापन गर्न वडा समितिलाई जिम्मेवारी दिन माग भई आएको सम्बन्धमा छलफल गर्दा बढ्दै गएको सार्वजनिक जग्गाको अतिक्रमण रोक्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ उपदफा २(ग) बमोजिम विकास कार्यमा ऐनको दफा ११(ङ) ६ अनुसार स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रमा वृक्षारोपण संभार उपयोग र व्यवस्थापन गर्ने गरी अतिक्रमण हुनबाट जोगाउन सबै वडा समितिहरुलाई जिम्मेवारी दिनको लागी सार्वजनिक जग्गा एवं क्षेत्र संरक्षण र उपयोग गर्न उपयुक्त परामर्शदाता छनौट गरी निर्देशिका तयार गर्न निम्न बमोजिमको निर्देशिका तयारी समिति गठन गर्ने निर्णय गरियो ।<br><br>संयोजक — श्री बसन्ती तामाङ (डंगोल)<br>सदस्य — श्री अमृका बलामी<br>सदस्य — श्री हरि प्रसाद तिमल्सेना<br>सदस्य — श्री लक्ष्मी भण्डारी<br>सदस्य — श्री शारदा आचार्य<br>सदस्य सचिव — श्री दिपक कुमार के.सी. |
| २ | बागभैरव आधारभूत विद्यालयको जमिन स्वामित्व सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ५६८ मिति २०७५/१२/१० को पत्रानुसार बागभैरव आधारभूत विद्यालयले ५० औं वर्षदेखि उपयोग र संरक्षण गर्दै आएको करीब २० रोपनी सार्वजनिक जमिन विद्यालय कै स्वामित्वमा हक कायम गर्ने व्यवस्थाको लागि लेखी आएको हुँदा जिल्ला प्रशासन कार्यालय |

| | | | |
|---|---|---|---|
| | | | काठमाडौ मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो । |
| ३. | निजी जग्गा व्यवस्थापन सम्बन्धमा । | | • काठमाडौं जिल्ला दक्षिणकाली नगरपालिका वडा नं ३ नर बहादुर बलामीको छोरा वर्ष ४७ को शिवभक्ति बलामीले काठमाडौं जिल्ला दक्षिणकाली नगरपालिका वडा नं ३ बस्ने सानु खत्रीको नाममा दर्ता कायम भएको साविक सोखेल गा.वि.स. वडा नं २/ख कि.नं. ४८ क्षेत्रफल २१-०-०-० भएको जग्गा खेतीयोग्ग बनाउन सम्याउन र उक्त जग्गाबाट निस्कने बालुवा विक्री वितरण समेत गर्ने गरी दिएको मञ्जुरीनामा समेत दक्षिणकाली नगरपालिका ढुङ्गा, बालुवा, माटो जस्ता खानी जन्य वस्तुको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दफा १.१ बमोजिम निजि जग्गा व्यवस्थापन गर्न निम्न बमोजिमको प्रक्रिया पुरा गरी स्वीकृतीको लागी पेश भएको निवेदनमा मिति २०७५/१२/११ गते सोमबार बसेको निवेदनको माग स्वीकृत गर्ने समितिको बैठक बसी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय भए अनुसार कार्यविधिको दफा २ बमोजिम नगरपालिकाले स्वीकृत दिदाँ पालन गर्नुपर्ने शर्त तथा प्रक्रिया पुरा भएको हुँदा निजलाई कार्यविधिले तोकिए बमोजिमको शुल्क र धरौटी लिई चालु आ.ब.को असार मसान्तसम्मका लागी निजी जग्गा व्यवस्थापन गर्न कार्यविधिको दफा ६ बमोजिमको कार्य गर्ने गरी त्यस जग्गाबाट निस्केको बालुवा विक्री वितरण गर्न अनुमति दिने निर्णय गरियो । |
| ४. | विविध | | • मिति २०७४/९/१९ को २० औं कार्यपालिकाको बैठकबाट "क्रियाशिल होचा पुड्का महिला संघ, काठमाडौंको मिति २०७४/९/२ को पत्रानुसार दक्षिणकाली नगरपालिका भित्र बामनको मन्दिर बामन धाम बनाउने र देशभरमा रहेका होचा पुड्काको आवासको निम्ती र नेपाल होचा पुड्का आरक्षण केन्द्रको स्थापना गर्नको लागी चार किल्ला खुलाई जमिन उपलब्ध गराई दिनु भनी अनुरोध भई आएको हुँदा सो सम्बन्धमा दक्षिणकाली नगरपालिका वडा नं ६ भित्र रहेको पर्ती जमिन पूर्वमा फुल्चोक जाने पश्चिममा मोहन नारायणको खेत उत्तरमा फुल्चोक जाने मोटरबाटो चार किल्ला भएको अन्दाजी ५ रोपनी जग्गामा बामन मन्दिर निर्माण गर्न दिने " भन्ने निर्णय भएकोमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ को ३ बमोजिम नगरपालिकाले आफ्नो नाममा रहेको अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाउने छैन भन्ने कानुनी व्यवस्था भएको हुँदा मिति २०७५/९/१९ को माथि उल्लेखित निर्णय बदर गरी क्रियाशिल होचा पुड्का महिला संघ काठमाडौंलाई जानकारी दिने निर्णय गरियो । |

| | | | |
|---|---|---|---|
| | | | • मिति २०७५/११/२३ गते इलाका प्रशासन कार्यालय र यस नगरपालिका बिच भएको बैठकको निर्णय बमोजिम मिति २०७५/११/२७ र २८ गते भएको एकिकृत घुम्ती सेवामा स्वास्थ्य तर्फ जेष्ठ नागरिक स्वास्थय शिविर तथा दमको लागि औषधि खरिदबाट भएको खर्च रु. २,५०,०००। (दुई लाख पचास हजार) लाई अनुमोदन गर्ने निर्णय गरियो ।<br><br>• आगामी नयाँ विद्यालय भर्ना अभियानलाई मध्यनजर गर्दै मिति २०७५ चैत्र मसान्त भित्र फर्पिङ बसपार्क चौरमा नगर स्तरीय शैक्षिक मेला आयोजना गर्न सामाजिक विकास समितिलाई उक्त कार्यको लागत अनुमान र कार्य योजना तयार गरि ७ दिन भित्र नगर प्रमुख समक्ष पेश गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।<br><br>• मिति २०७५/११/१० गतेको निर्णय अनुसार नगर प्रमुख ज्यूबाट सेवा करारमा रहेका कर्मचारीहरुको म्याद थप गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।<br><br>• महालेखा परिक्षक कार्यालयको प्रारम्भिक प्रतिवेदनको दफा ७२ को गत वर्षको भुक्तानी शिर्षकमा रहेको रु. ११,४५,२९९। (एघार लाख पैंत्तालिस हजार दुई सय उनान्सय) तथा दफा ८१ अन्तर्गत रहेको लेखा परिक्षण खर्च रु. १,२४,३००। (एक लाख चौविस हजार तीन सय) गत/विगतको भुक्तानी भएको, प्राज्ञिक तथा यथेष्ट कर्मचारी नहुदाँ म.ले.प.फा.नं. १८ भरी भुक्तानी हुनु पर्नेमा सो हुन नसकेको कारणले बेरुजुको यस कार्यापालिकाद्धारा वास्तवमा खर्च भएको सहमत गरी महालेखा परिक्षकको कार्यालयमा समपरिक्षणमा पठाउने निर्णय गरियो ।<br><br>• नगरस्तरीय मेयरकप संचालन भएको सम्दर्भमा सबै वडा क्लवको साझेदारीमा संचालन भएको कार्यक्रम हुँदा समपुरक कोषबाट रु. २,००,०००। (दुई लाख) कार्यक्रम सहयोग गर्ने निर्णय गरियो ।<br><br>• बोसन देखि चम्पादेवी मन्दिरसम्म पदमार्ग (सिढी) निर्माण गर्नका लागी डि.पि.आर. तयार गर्ने समपुरक कोषबाट खर्च गर्ने निर्णय गरियो ।<br><br>• शेषानारायण वृहत खानेपानी आयोजनाको लागी पाईप आवश्यक भएको हुँदा पाईपको ल.ई. गरी आवश्यक पाईप खरिद गर्ने र उक्त कार्यको लागी लाग्ने रकम समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो । |

| | | | |
|---|---|---|---|
| | | | • काठमाडौं महानगरपालिकाबाट रु. १ करोड यस नगरपालिकाको लागी भ्यू टावर बनाउन रकम प्राप्त भएकोमा यस नगरपालिकाको समेत लागत सहभागीतामा यसै दक्षिणकाली नगरपालिकाको वडा नं ५ र ९ स्थित गोरखनाथ डाँडामा भ्यू टावर बनाउने प्रक्रिया अघि बढाउने निर्णय गरियो । |